༄༅། །སྣར་པ་གླིང་གྲོང་ཚོ་ལེ་ཀ།
नार्पा भूमि गाउँपालिका
Narpa Bhumi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
च्याँखु, मनाङ, नेपाल
Chyakhu, Manang, Nepal
२०७३ (2073)
गण्डकी प्रदेश
Gandaki Province


प.सं. (Ref. No.) : २०८१/८२
च.नं. (Dis. No.) :

मिति (Date): २०८१।०९।०८
११४५ थिंलागा अष्टमी - २३

# स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तह /स्तर वृद्धि गर्ने सम्बन्धी सूचना !

## सूचना नं. १/तहबृद्धि/२०८१

(सूचना प्रकाशित मिति : २०८१।०९।०८)

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था वमोजिम तपसिलका उल्लेखित सर्तहरु पुरा भएका नार्पा भूमि गाउँकार्यपालिकामा समायोजन भै कार्यरत स्थायी कर्मचारीहरुले यस कार्यालयको वेबसाईट www.narpabhumimun.gov.np मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाई चार प्रति तयार गरेर प्रमाणित गरी मिति २०८१ साल पौष २३ भित्र सम्ममा कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तहवृद्धिको प्रक्रियामा सामेल नगराईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

(क) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि कमशः सहायकस्तर पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।

(ख) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धि लागि कमशः सहायकस्तर पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनपर्नेछ ।

**२. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

(क) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ उपदफा ३ बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्ता र अवधि पुरा भएको हुनपर्नेछ ।

(ख) स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने ।

(ग) स्थास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोनिम नकारात्मक सूचीमा नपरेको हुनपर्नेछ ।

(घ) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको प्रमाणित सिफारिस पत्र साथै अति दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुलेको कागजात

(ङ) कागजातहरु : कामकाज गर्न खटाईएको पत्र, रमना पत्र र हाजिर भएको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ)

(च) साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस नगरपालिकामा समायोजन भएको पत्र ।

(छ) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ वमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**३. स्थानीय सेवाको सवै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण :**

(क) आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए वमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ख) सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी ।

(घ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नार्पा भूमि गाउँकार्यपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी ।

...........................
(सुशिल लम्साल)
प्रमुख प्रशासकीय अधिकृत